राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञावर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २९, अङ्क– १२, असोज २६ गते शुक्रबार, २०८० (13 October, 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# 'अर्थतन्त्र सुधार्न बोल्ड डिसिजन लिइन्छ' : प्रधानमन्त्री

## निजी क्षेत्रले हात उठाए सरकारले मात्रै केही गर्न नसक्ने प्रस्टोक्ति

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** पछिल्लो समय मुलुकको अर्थतन्त्रमा देखा परिरहेको समस्या समाधानका निम्ति उच्चस्तरीय संयन्त्र बनाउन सरकार तयार रहेको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बताएका छन् । नेपाल उद्योग वाणिज्य महासंघद्वारा राजधानी काठमाडौंमा आयोजित 'राष्ट्रिय आर्थिक बहस' कार्यक्रमलाई सम्बोधन गर्दै निजी क्षेत्रले प्रस्ताव गरेको उच्चस्तरीय संयन्त्र बनाउन सरकार तयार रहेको प्रधानमन्त्री प्रचण्डले बताएका हुन् ।

अर्थतन्त्र सुधारका लागि सरकारले कुनै साहसिक निर्णय (बोल्ड डिसिजन) लिन लागेको बताउँदै प्रधानमन्त्री दाहालले सामान्य शल्यक्रिया-बाट मात्र मुलुकको समग्र आर्थिक अवस्थामा सुधार सम्भव नरहेको विश्लेषण गरे । सुधारको बाटो समाउँदा समाउँदै पनि अर्थतन्त्रको मूल समस्या समाधान हुन नसकेको टिप्पणी गर्दै प्रधानमन्त्री दाहालले टालटुले तरिकाका सुधारका काम पर्याप्त नभएकाले पोलिसी सिफ्ट नै गर्नुपर्ने उल्लेख गरे । 'अर्थतन्त्र सुधारका लागि सबै क्षेत्र एक ठाउँमा हुने र केन्द्रीकृत अभिव्यक्ति आवश्यक छ' प्रधानमन्त्री दाहालको भनाइ थियो- 'आर्थिक सुधारको नयाँ आयाम सुरु गर्नका लागि सुझाव र मार्गदर्शन आवश्यक पर्ने भएकाले त्यस्तो संयन्त्र चाहिएको छ ।' प्रधानमन्त्री दाहालले सुधारको प्रयास यही विन्दुबाट सुरु हुनसक्ने भन्दै सरकार आर्थिक गतिविधि अगाडि बढाउन निजी क्षेत्रले प्रस्ताव गरेको यस्तो उच्चस्तरीय संयन्त्र बनाउन तयार रहेको दोहोऱ्याए ।

प्रधानमन्त्री दाहालले नेपाल उद्योग वाणिज्य महासंघद्वारा आयोजित राष्ट्रिय बहस कार्यक्रममा अध्यक्ष चन्द्रप्रसाद ढकालले सो संयन्त्र निर्माणको गरेको प्रस्तावमा सहमति जनाएका थिए । उनले वित्त नीतिसँग मौद्रिक नीतिको सामाञ्जस्यता मिलाउन सरकारले लामो प्रयास गरेको विश्लेषण गरे । निजी क्षेत्रलाई

क्रमशः तेस्रो पृष्ठमा

# नेपालीको उद्धार गर्न विमान इजरायलतर्फ उडयो, शनिबार राति फर्कने

**काठमाडौं ।** इजरायलमा आतंकवादी समूह हमासको आक्रमणबाट प्रभावित स्वदेश फर्कन चाहने नेपाली नागरिकलाई उद्धार गर्न इजरायलतर्फ उडेको नेपाल एयरलाइन्सको विमान शनिबार राति १०ः३० बजे काठमाडौं आइपुग्ने भएको छ । परराष्ट्र मन्त्रालयले दुई सय ५४ नेपाली नागरिक लिएर विमान इजरायलबाट काठमाडौंका लागि उडिसकेको जानकारी दिएको छ ।

विद्रोही समूह हमासको आक्रमणपछि स्वदेश फर्कन चाहने नेपाली नागरिकको उद्धारका लागि परराष्ट्रमन्त्री साउद आफैं इजरायल जान लागेको उनका प्रमुख स्वकीय सचिव दीपक जोशीले जानकारी दिए । परराष्ट्र मन्त्रालयले इजरायलमा विकसित पछिल्लो घटनाक्रमका कारण त्यहाँ रहेका नेपालीको उद्धार र स्वदेश फिर्ताका सम्बन्धमा हालसम्म भएका पहलकदमी तथा प्रगतिबारे जानकारी गराएको छ ।

मन्त्रालयमा आज आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता सेवा लम्सालले नेपाल फर्कन चाहने नेपालीका लागि नेपाल एयरलाइन्सको दुई सय ५० सिट क्षमताको  वाइडबडी विमान इजरायलको तेल अविवतर्फ प्रस्थान गर्ने जानकारी दिए  'इजरायलबाट नियमित व्यावसायिक उडान सञ्चालन भइरहेकाले  नेपाल फर्कन इच्छुकलाई इजरायलस्थित नेपाली राजदूतावासले सहजीकरण गर्नेछ' उनको भनाइ थियो ।

नेपाली नागरिकको उद्धारका लागि विमान दुबई हुँदै त्यसतर्फ गएको हो । नेपाली नागरिकको उद्धारका लागि परराष्ट्रमन्त्री एनपी साउद विमानमा आफैं इजरायल गएका थिए । इजरायलबाट स्वदेश फर्कन चाहने नेपाली ल्याउनका लागि नेपाल एयरलाइन्सको दुई सय ७४ सिट क्षमता भएको वाइडबडी विमान इजरायल गएको हो ।

गत शनिबार हमास समूहको आक्रमणमा परी १० नेपाली विद्यार्थीले ज्यान समेत गुमाएका थिए भने केही विद्यार्थी घाइते तथा केही विद्यार्थी सम्पर्क विहीन समेत भएका थिए ।


एक जनाको नेपालीको अवस्था अझै अज्ञात छ । 'अज्ञात अवस्थामा रहेका विपिन जोशीको इजरायल सरकारसँगको समन्वयमा उच्च प्राथमिकताका साथ खोजी भइरहेको छ' प्रवक्ता लम्सालको भनाइ थियो । इजरायलस्थित नेपाली राजदूतावासले नपाली नागरिकलाई सुरक्षित स्थानमा सर्न र उद्धार हुन आग्रह गर्दै नेपाल फर्कन चाहने नेपालीहरूको विवरण अनलाइन रजिष्ट्रेशन प्रणालीमार्फत संकलन गर्ने कार्य समेत भइरहेको जनाएको छ ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता सेवा लम्सालका अनुसार घटनापछि अहिलेसम्म ३ सय ५० भन्दा बढी नेपाली नागरिकले आफ्नो विवरण उपलब्ध गराइसकेको र विवरण दिनेमध्ये २ सय ८८ जनाभन्दा बढीले नेपाल फर्कन चाहेका छन् । हाल इजरायलमा हाल २ सय ६५ जना नेपाली विद्यार्थी अध्ययनरत रहेको र करिब ४ हजार ५ सय नेपाली अन्य विभिन्न पेसा र क्षेत्रमा कार्यरत रहेको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । इजरायल सरकारको 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत हाल २ सय ६५ जना नेपाली विद्यार्थी त्यहाँ अध्ययनरत छन् ।

'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत नेपालको कृषि विश्वविद्यालयबाट १ सय १९,

क्रमशः तेस्रो पृष्ठमा

# आमा– १८



धारावाहिक उपन्यास

म्याक्सिम गोर्की

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक-साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो । रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन् । कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास 'द मदर' सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो । नेपालीमा समेत प्रकाशित 'आमा' उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ । यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन् । पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञावर्द्धक हुने ठानी यस स्तम्भमार्फत 'आमा' उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं ।**

उनलाई तुरुन्तै केही गरिहाल्न मनलाग्यो । कतै जाने, थकाइले चूर नहुन्जेल हिंडिरहने इच्छा भयो ।

"ठीक छ," निकोलाइले कोठामा ओहोरदोहोर गर्दै भन्यो- अहिले साशा भैदिए हुन्थ्यो ।"

"उनी आइपुग्छिन् । पाभेललाई भेट्न गएको दिन उनी सधैं आउने गर्छिन् ।" निकोलाइ कौचमा आमा नजीकै गएर बस्यो र केही सोच्दै टाउको निहुराएर ओठ चपाउन र दाढी तान्न थाल्यो । "बडो दुःखको कुरा छ दिदी अहिले घरमा हुनुहुन्न ... ।"

"पाभेल त्यहीं छँदै हामीले यो काम सिध्याउन पाए कति बेस हुन्थ्यो कति खुशी हुन्थ्यो हेला ।"- आमाले भनिन् ।

दुवै चुप लागे, एकछिनपछि आमाले एक्कासि बिस्तारै सानो स्वरमा भनिन् ः

"म बुझ्न सक्दिन, किन ऊ भाग्न चाहँदैन ?" निकोलाइ जुरुक्क उभ्यो । तर त्यत्तिकैमा बाहिर

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २९, अङ्क- १२, असोज २६ गते शुक्रबार, २०८०

## सम्पादकीय

# चाडपर्वमा सचेतता अपनाऔं, पश्चात्तापको बाटो नरोजौं

बहुसङ्ख्यक नेपालीले महान् पर्वका रूपमा हरेक वर्ष मनाउने बडादसैं (विजयादशमी), तिहार (दीपावली तथा भाइटीका) र छठजस्ता चाडपर्व यसपालि पनि नजिकिएका छन्। आउँदो महिना (कात्तिक) भर यी चाडपर्व सम्पन्न हुने भएका छन्।

चाडपर्व मनाउने क्रममा कोही-कसैले देखासिकीमा, कोही-कसैले रामरौश, उत्तेजना र आवेगमा, कोही-कसैले सामाजिक बाध्यता र एक प्रकारको करकापमा वा लोकलाजका हिसाबले त कोही कसैले सामान्य नियमितताका रूपमा व्यवहार गर्ने गरेको पाइन्छ। नेपालका कतिपय भूभागका नागरिकहरूले भने दसैं-तिहार इत्यादि मनाउने क्रममा ठूलै ऋणको भार समेत व्यहोर्ने गरेको पाइन्छ। यी चाडपर्वको सिलसिलामा अत्यधिक मादक पदार्थको सेवन, झैझगडा र कुटपिट तथा जुवातासको विकृति समेतले मौलाउने, झांगिने र संस्थागत हुने गरेको समेत यदाकदा देखिन्छ।

यी र यस्ता विकृति, विसंगतिबाट जोगिँदै चाडपर्व मनाएर आ-आफ्नो संस्कृति र सभ्यताको जगेर्ना गर्नु, सामाजिकृत हुनु र व्यक्ति, घरपरिवार तथा समाजमा खुसीयालीको वातावरण सिर्जना गर्नु सवै नागरिकको कर्तव्य हो। चाडपर्व मनाउनु छ भन्दैमा क्षमता र हैसियतभन्दा बढी खर्च गर्नैपर्ने, ऋणको बोझमा डुब्नैपर्ने बाध्यता हुनु हुँदैन। आफ्नो सामर्थ्य र औकातले जे-जसो भ्याउँछ, सोही आधारमा खुसी र सन्तुष्टि मिल्ने तरिकाले चाडपर्व मनाइनुपर्छ।

जोशिएर खर्च गर्ने, जुवातास खेल्ने, जाँडरक्सीमा डुब्ने, झैझगडा र झमेलामा फस्ने र पछि गएर पश्चात्तापमा जल्ने किसिमबाट चाडपर्वको दुरुपयोग कसैले पनि नगरौं। पारिवारिक मिलन, मित्रता र भाइचाराको अभिवृद्धि तथा सामाजिकीकरणको माध्यमका रूपमा चाडपर्वको सदुपयोग गरौं।

**विजयादशमी, शुभदीपावली तथा छठपर्व- २०८० को उपलक्ष्यमा समस्त देशवासी बा-आमा, दाजु-भाइ तथा दिदी-बहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।**

प्रा.डा. धर्मदत्त सुवेदी
अस्पताल निर्देशक

श्रीप्रसर्ट पाण्डे
प्रबन्ध निर्देशक

**जानकी मेडिकल कलेज शिक्षण अस्पताल**
रमदैया, भवाडी, धनुषा, मधेश प्रदेश, नेपाल

## ... आमा- १८

ढोकामा घण्टी बजेको आवाज सुनियो। दुवैले एक अर्काको मुखमा हेरे।

"यो साशा हुनुपर्छ।"- निकोलाइले बिस्तारै भन्यो।

"कसरी बताउने हो उनलाई ?"- आमाले पनि बिस्तारै सोधिन्।

"त्यही त....।"

"बिचरीको असाध्यै मायालाग्छ मलाई...।"

अलि सानो आवाजमा फेरि घण्टी बज्यो। यस्तो भान हुन्थ्यो घण्टी बजाउने मान्छे हिचकिचाइ रहेछ। निकोलाइ र आमा दुवै ढोकातिर लागे तर भान्सा-कोठाको ढोकामा पुगेर निकोलाइ पछि हट्यो।

"तपाईं एक्लै जानुभए राम्रो होला।"- उसले भन्यो।

"मानेन उसले ?" ढोका खुल्नासाथ केटीले आमालाई ठाडै सोधिन्।

"मानेन।"

"मलाई पहिल्यै थाहा थियो।" साशाले भनिन्, तर उनको अनुहार पहेंलो भैसकेको थियो। उनले ओभरकोटको टाँक फुकालिन्, फेरि दुइटा टाँक लगाइन् र काँधबाट कोट फुकाल्दै कोशिश गरिन् तर कोट सरेन।

"हुरी र झरी चल्दै छ कस्तो नराम्रो मौसम त।"- साशाले भनिन् - "सन्चो छ उसलाई ?"

"ठीक छ।"

"त्यसो भए स्वस्थ छ र प्रसन्न छ।"- साशाले आफ्नो हात हेर्दै बिस्तारै भनिन्।

"रीबिनलाई छुटाउन मद्दत गर्नु भनेर लेखेको छ।"- आमाले साशातिर नहेरिकनै भनिन्।

"ए। त्यसो भए त्यही पुरानो उपाय लगाएर उसलाई छुटाउनुपर्छ"--केटीले बिस्तारै भनिन्।

"मलाई पनि त्यस्तै लाग्छ।"- निकोलाइले ढोकामा देखापर्दै भन्यो - "नमस्कार साशा।"

केटीले उसतिर आफ्नो हात बढाउँदै सोधिन् -

"के भयो ? हाम्रो योजना ठीक छ भन्ने कुरामा सब सहमत छन् ?"

"सब बन्दोबस्त कसले मिलाउँछ ? सब व्यस्त छन्...।"

"मलाई सुम्पनोस्।" साशाले झट्ट उभिँदै भनिन् - "मलाई फुर्सद छ।"

"हुन्छ तर, एकपल्ट सबैलाई सोधेर हेर्नुपर्छ।"

"हुन्छ, म सोधेर हेरुँला। म अहिल्यै हिंडिहाल्छु।"

यति भनेर उनी फेरि आफ्ना मसिना औंलाले पुर्तिलो चालले टाँक लगाउन थालिन्।

"अलि आराम गर्नुभए हुन्थ्यो नि।"- आमाले भनिन्।

उनी मुस्कुराइन् र नरम स्वरले भनिन् - "धन्दा नमान्नोस्, म थाकेकी छैन।"

दुवै जनासँग हात मिलाएर उनी चुपचाप बाहिर निस्किन्, उनको अनुहार फेरि सधैंजस्तो कठोर र भावहीन देखियो।

आमा र निकोलाइ झ्यालनेर गए र साशा चोक पार गरेर मूल ढोका पछाडि नबिलाउन्जेल हेरिरहे। निकोलाइले बिस्तारै सुसेल्यो र टेबुलनेर बसेर केही लेख्न थाल्यो।

"यस काममा व्यस्त भएपछि उनलाई अलिकति हलुको हुनेछ।"- आमाले चिन्तामग्न हुँदै बिस्तारै भनिन्।

"हो।" निकोलाइले सही थाप्यो र आमातिर फर्केर मुस्कुराउँदै सोध्यो - "नीलोभ्ना, तपाईंलाई त यस्तो पीर सहनुपरेको थिएन ? आफ्नो प्रेमीबारे यसरी छटपटिनु परेको थिएन होला।"

"कहाँ र।"- आमाले हात हल्लाउँदै भनिन् - "कहाँको प्रेमीको लागि छुट्पटिनु ? मलाई त सधैं एउटै डर थियो- कहीं बिहे त गरिदिने होइनन्।"

"अनि कोही पनि मनपरेको थिएन ?"

आमाले एकछिन सोचिन् र जवाफ दिइन् : "सम्झन्न बाबु। कसरी मन नपर्नु र...? कोही न कोही त अवश्य मन परेको थियो होला, तर सम्झन मात्र सम्झन्न।"

निकोलाइतिर उदास दृष्टिले हेर्दै आमाले भनिन् -

"लोग्नेले यति कुट्थ्यो कि उसँग भेट हुनुभन्दा अगाडि घटेका सब घटनाहरू बिर्सिसकें।"

निकोलाइ फेरि टेबुलतिर फर्क्यो। आमा एकछिनका लागि बाहिर निस्किन्। उनी फर्केपछि निकोलाइले बडो प्रेमपूर्वक आमातिर हेर्दै आफ्नो पुरानो सम्झना बताउन थाल्यो, ऊ यति बिस्तारै मायालु ढङ्ले बोल्दै थियो, मानौं ऊ प्रत्येक शब्द सुमसुम्याउँदै थियो।

"जहाँसम्म मेरा कुरा छ, मसँग पनि साशाकै जस्तो कहानी घटेको थियो। एउटी केटीलाई प्रेम गर्थें- असाध्यै असल केटी थिइन्, गजबकी। उनीसँग भेट हुँदा म भर्खर बीस वर्षको मात्र थिएँ र साँच्ची भन्ने हो भने म अझै पनि उनलाई प्रेम गर्छु। त्यत्तिकै प्रेम गर्छु आन्तरिक हृदयदेखि, ठूलो कृतज्ञतासाथ।"

आमा उसको नजीकै उभिएकी थिइन्, उनी उसका आँखामा न्यानो र निर्मल ज्योति देख्दै थिइन् उसले मेचमा हात राखेको थियो र हातमा टाउका अड्याएर कतै टाढा हेरिरहेको थियो। लाग्थ्यो, उसको दुब्लो पातलो तर बलियो शरीर कतै खिंचिदै छ, जसरी बिरुवाहरू सूर्यतर्फ खिचिन्छन्।

"तपाईं पनि कस्तो मान्छे किन बिहे नगर्नु भएको त ?" आमोले सोधिन्।

"चार वर्ष भैसक्यो उनको बिहे भएको...।"

"अगाडि नै के हेरेर बस्नुभएको थियो नि ?"

उसले एकछिन सोचेर जवाफ दियो -

"त्यस्तै पर्‍यो हेर्नोस् न, क्यै गरे पनि ताल मिलेन। म जेलमा हुँदा, उनी बाहिर हुन्थिन्। म बाहिर हुँदा उनी जेलमा अथवा निर्वासनमा हुन्थिन्। ठ्याक्कै साशा र पाभेलको जस्तो हालत, होइन त ? अन्त्यमा उनी दश वर्षको लागि साइबेरियामा निर्वासित भइन्, कता हो असाध्यै टाढा। म पनि उनी सँगसँगै जान चाहेको थिएँ। तर हामी दुवैलाई असजिलो लाग्यो। त्यहाँ अर्को व्यक्तिसँग उनको भेट भयो- मेरै साथी हो, धेरै असल मान्छे छ। पछि दुवैजना सँगै भागे, अहिले विदेशमा बस्छन्...।"

निकोलाइले आफ्नो कुरा सिध्याएपछि चश्मा फुकाल्यो र ऐना पुछ्यो, उज्यालोमा एकपल्ट ऐना जाँच्यो र फेरि पुछ्न थाल्यो।

"कठै, बाबु।"- आमाले टाउको हल्लाउँदै बडो प्रेमपूर्वक भनिन्। आमालाई उसमाथि दया लाग्दै थियो। साथसाथै किन हो उनका ओठमा न्यानो ममतापूर्ण मुस्कुराहट देखापर्दै थियो। ऊ चलमलायो, फेरि कलम समात्यो र फेरि बोल्न थाल्यो। ऊ शब्दको तालमा कलम हल्लाउँदै थियो।

"पारिवारिक जीवनको क्रान्तिकारी शक्ति घटाउँछ- यसबाट उसलाई केही मद्दत हुँदैन। बालबच्चा, आर्थिक अभाव, पेट पाल्नको लागि धेरै काम गर्नुपर्ने वाध्यता आदि मात्र थपिन्छन्। क्रान्तिकारीले चाहिं आफ्नो शक्ति बढाउँदै लैजानुपर्छ र यस शक्तिलाई अझ गहन र व्यापक तुल्याउँदै जानुपर्छ- किनभने हामी मजदूर हौं र इतिहासले हामीलाई पुरानो संसार नष्ट पारेर नयाँ जीवन सुरु गर्ने अभिभारा सुम्पेको छ। यदि हामी पछि पर्‍यौं भने, थकाइ मार्न थाल्यौं भने अथवा सानातिना कुराहरूमा सन्तोष मानेर बस्न थाल्यौं भने धेरै नराम्रो हुनेछ, यो झण्डै आफ्नो उद्देश्यप्रति गद्दारी ठहरिनेछ। कुनै त्यस्तो व्यक्ति हुन सक्दैन जसको साथ हिंड्दा हामी कुनै न कुनै मात्रामा आफ्नो उद्देश्यलाई हानी नपुर्‍याऔंला, तर सानातिना सफलताहरू होइनन्, पूर्ण विजय नै हाम्रो एक मात्र लक्ष्य हुनपर्दछ भन्ने कुरा हामीले कदापि बिर्सनुहुन्न।"

अहिले उसको आवाज दृढ थियो, अनुहार फीका थियो, आँखामा सधैंजस्तो त्यही गम्भीर चम्काहट थियो। फेरि कसैले जोडले ढोकाको घण्टी बजायो- निकोलाइ बोल्दाबोल्दै बीचैमा थामियो। यसपल्ट लुद्मीला आएकी थिइन्। उनले हलुको, मौसम नसुहाउँदो ओभरकोट लाएकी थिइन्, चिसोले उनका गाला राता भएका थिए। आफ्ना फाटेका रबरका जुत्ता फुकाल्दै उनले रुष्ट स्वरमा भनिन् -

"अर्को हप्ता मुद्दा सुरु हुँदैछ।"

"पक्का हो ?"- अर्को कोठाबाट निकोलाइको चर्को आवाज सुनियो। आमा हतारिंदै उसतिर लागिन्। खुशी लागिरहेछ अथवा डर लागिरहेछ भन्ने कुरा उनीहरूले बुझ्न सकिरहेकी थिइनन्। लुद्मीला आमा सँगसँगै हिंड्दै थिइन् र उनले आफ्नो मसिनो व्यंग्यपूर्ण स्वरमा भनिन् :

"हो पक्का भैसक्यो। फैसला पहिले नै तयार भैसकेको छ भन्ने कुरा अदालतमा खुल्लमखुल्ला गर्छन्। क्या हो यस्तो ? सरकारलाई आफ्ना कर्मचारीहरूले उसको शत्रुप्रति मोलाहिजा देखाउँछ भन्ने डर छैन ? यत्रा दिनसम्म, यत्रो मेहनतसाथ आफ्ना नोकरहरूको मगज भुटेर पनि अझै उनीहरूको नीचतामा शंका मान्छ ?"

लुद्मीला दुवै हातले आफ्ना पातला गाला मल्दै कौचमा गएर बसिन्। उनका फुस्रा आँखामा असह्य तिरस्कारको भावना चम्किरहेको थियो। उनी झनझन क्रोधित हुँदै गैरहेकी थिइन्।

"लुद्मिला, तिमी बिनासित्ति आफ्नो शक्ति खेर फाल्दैछ्यौ।"- निकोलाइले उनलाई शान्त पार्न खोज्दै भन्यो - "तिमीले यहाँ कराएर उनीहरूले सुन्ने हुन् र...।"

आमा बडो ध्यान दिएर लुद्मीलाको कुरा सुनिरहेकी थिइन् तर उनले केही पनि बुझिनन्। उनको दिमागमा एउटै कुरा घुमिरहेको थियो :

'एक हप्तापछि मुद्दा सुरु हुन्छ।'

एक्कासि उनलाई कुनै क्रूर अमानवीय शक्ति आफूतर्फ बढ्दै आइरहेको छ जस्तो लाग्यो।

२३.

पहिलो र दोस्रो दिन आमा चिन्ता र आशङ्काकै वातावरणमा घेरिइरहिन्। तेस्रो दिन साशा आइपुगिन्।

"सब तयार भैसक्यो, आज एक बजे...।"- उनले निकोलाइलाई भनिन्।

"यति चाँडै ?"- निकोलाइले अचम्म मान्दै सोध्यो।

"विशेष के थियो र ? रीबिनको लागि लुगा र लुक्ने ठाउँसम्मको त प्रबन्ध गर्नु थियो नि। बाँकी सब कामको जिम्मा गोबूनले लिएको छ। रीबिनले भागेर अर्को टोलसम्म मात्र पुग्नुपर्छ, त्यहाँ भेसोभशिकोभ भेष बदलेर उसलाई पर्खिरहेको हुन्छ, उसँग ओभरकोट र टोपी हुन्छ र बाटो पनि उसैले देखाइदिनेछ। म अलि पर पर्खेर बसिरहेको हुन्छु र झटपट लुगा बदलेर भगाइहाल्छु।"

"ठीक छ बरु यो गोबून भन्ने को पर्‍यो ?"- निकोलाइले सोध्यो।

"तपाईंले चिन्नुभएको छ उसलाई। उसैको कोठामा त हो नि तपाईं मिस्त्रीहरूको अध्ययन मण्डली जम्मा गर्नुहुन्थ्यो।"

"अँ। सम्झें। अलि अनौठो मान्छे छ होइन...?"

"ऊ पहिले पल्टनमा काम गर्थ्यो। हाल रिटायर्ड छ। छाना लगाउने काम गर्छ। त्यत्ति जान्ने सुन्ने मान्छे त होइन, तर कुनै पनि किसिमको बलमिच्याइप्रति भने असाध्यै घृणा गर्छ। अलिअलि दार्शनिक पनि छ।"- साशाले झ्याल बाहिर हेरेर विचारमग्न हुँदै भनिन्। आमा चुपचाप सुनिरहिन्, उनको हृदयमा बिस्तारै एक अस्पष्ट संकल्प उम्रिंदै थियो।

"गोबून आफ्नो भतिजोलाई भगाउन चाहन्छ। तपाईं एभचेन्कोलाई सम्झनुहुन्छ ? सधैं सफा सुग्घर र चिटिक्क परेर हिंड्ने गर्थ्यो, तपाईंलाई खुब मन पर्थ्यो त्यो मान्छे।"

निकोलाइले टाउको हल्लाउँदै आफ्नो सहमति जनायो।

"उसले सबै कुराको राम्रो प्रबन्ध मिलाएको छ।"- साशा भन्दै गइन् - "तर मलाई चाहिं हामी सफल हुन्छौं भन्ने कुरामा शंका लाग्न थालेको छ। हावा खान सबै कैदीहरूलाई एकै पटक बाहिर निकाल्छन्। मलाई लाग्छ, भऱ्याङ देख्नासाथ सब कैदीहरू भाग्न खोज्नेछन्...।"

क्रमशः चौथो पृष्ठमा

# सरकार र जनता एकजुट भएर मात्रै सुशासन कायम गर्न सकिन्छ : मन्त्री शर्मा

**काठमाडौं ।** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले देशमा सुशानसन कायम गर्न सरकारका सम्पूर्ण निकायका साथै जनसाधारणको अहंम भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका छन् । राज्यव्यवस्था तथा सुशासन समितिमा भइरहेको 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८' लाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलमा सहभागी हुँदै मन्त्री शर्माले भ्रष्टाचार न्यूनीकरण गर्न कानुन कार्यान्वयनलाई कसरी प्रभावकारी बनाउने भन्ने प्रमुख मुद्दा भएको विचार प्रकट गरेको हो ।

नेपाल सरकारका प्रवक्ता समेत रहेकी मन्त्री शर्माले भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा दिइएका र प्राप्त हुने सुझावलाई समेटेर विधेयकलाई समृद्ध तुल्याउँदै कानुनको सही कार्यान्वयन एवं पालनालाई बाध्यकारी बनाउनेतर्फ सबैको चासो हुनुपर्ने आवश्यकता औंल्याइन् । 'कुन पार्टीको सरकार छ भन्ने कुराले नीति निर्धारण गर्दैन, आयोगमा को छ भन्ने विषयले पनि अर्थ राख्दैन' मन्त्री शर्माको भनाइ थियो- 'मूल विषय भनेको संस्थालाई कस्तो बनाउने र सरकारलाई कसरी जनउत्तरदायी बनाउने भन्ने नै हो ।'

छलफलमा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले स्थानीय तहको राजनीतिक नेतृत्त्व सदनमा प्रतिनिधित्व गर्ने अधिकांशले त्यहाँ हुने अनियमिता रोक्न प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिइन् । 'भ्रष्टाचार र अनियमितका विषयमा स्थानीय तहलाई औंला उठाइरहँदा त्यहाँ कसको नेतृत्त्व छ भन्ने पक्षलाई मनन गर्न आवश्यक छ' उनको भनाइ थियो- 'विगतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग प्रभावकारी देखिए पनि पछिल्ला समय प्रभावकारी नहुँदा सन्नाटा छाएको छ ।'

नीतिगत निर्णयका नाममा मन्त्रिपरिषदबाट निर्णय गराउने प्रवृत्तिलाई सच्च्याउनुपर्ने आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईको सुझाव थियो- 'सार्वजनिक निकायमा बस्ने व्यक्तिमा कतिपय विषयमा मन्त्रिपरिषदबाट निर्णय गराएपछि म बच्छु भन्ने धारणा विकास भएको छ । यस्ता प्रस्ताव मन्त्रिपरिषदमा पेस हुन भएन, मुख्य सचिवले त्यस्ता प्रस्ताव फिर्ता गरिदिनुपर्छ ।'

उनले कानुनमा व्यवस्था गरिएको अधिकार प्रयोग नगर्नेलाई 'टाइम कार्ड'का आधारमा कारबाहीको दायरामा ल्याउने कानुन आवश्यक रहेको भन्दै राईले प्रमुख राईले आयोगले पनि भ्रष्टाचार मुद्दामा अनुसन्धान र अभियोजनको पाटोलाई पनि परिस्कृत गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरे । कानुनका आधारमा प्रमाण फेला नपरेसम्म अनुसन्धान जारी राख्ने प्रतिबद्धता व्यक्त गर्दै उनले सूचना प्राप्ति र प्रमाणको खोजीका आधारमा तथ्य र प्रमाण संकलन गरी मुद्दा दायर गरिने जानकारी दिए ।

## नेपालीको उद्धार गर्न...

त्रिभुवन विश्वविद्यालयबाट ९७ र सुदूरपश्चिम विश्वविद्यालयबाट ४९ विद्यार्थी इजरायल पुगेका थिए ।

यीमध्ये सुदूरपश्चिम विश्वविद्यालयबाट गएका ४९ मध्ये १७ जना नेपाली दक्षिण इजरायलको किबुज अलुमिममा अध्ययनरत थिए ।

**घटनापछि प्राथमिकताका साथ इजरायल–गाजाको सीमावर्ती क्षेत्रको कृषि फार्ममा रहेका सुदूरपश्चिम विश्वविद्यालयका ३२ र कृषि तथा वन विज्ञान विश्वविद्यालयका २३ गरी ५५ विद्यार्थीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको र उत्तरी सिमाना आसपासमा रहेका ७२ विद्यार्थीलाई पनि सुरक्षित स्थानमा सारिसकिएको छ ।**

इजरायली सरकारले युद्धको घोषणा गरेको हालकै अवस्थामा आक्रमणमा परी निधन भएकाहरूको शव हस्तान्तरणको कानुनी प्रक्रियाका कारण शव ल्याउन ढिलाइ हुने देखिएको मन्त्रालयले जनाएको छ । हालसम्म शवको परीक्षण हुन नसकेको र हस्तान्तरण समेत नभएकाले विमानमा शव ल्याउन इजरायलबाट तत्काल शव ल्याउन कठिन भएको उल्लेख छ ।

परराष्ट्र मन्त्रालयले सबै मृतकको शव इजरायली सरकारको संरक्षणमा सुरक्षित रहेको र मृतकहरूको शव यथाशक्य छिटो नेपाल ल्याउने बताएको छ । इजरायल सरकारबाट शव हस्तान्तरणको प्रक्रिया समाप्त हुनेबित्तिकै उच्च प्राथमिकताका साथ शव नेपाल ल्याई सम्बन्धित परिवारलाई हस्तान्तरण गर्ने गरिने पनि परराष्ट्रले जानकारी दिएको छ ।

इजरायलमा रहेका नेपाली नागरिकको सुरक्षाको सम्बन्धमा परराष्ट्रमन्त्री साउदले मंगलबार इजरायलका समकक्षी एली कोहेनसँग सम्पर्क गरी घटनाका सम्बन्धमा दुःख प्रकट गर्नुका साथै यस कठिन घडीमा इजरायल सरकार र इजरायली नागरिकप्रति नेपाल सरकार र नेपालीको साथ रहेको जानकारी गराएका थिए ।

मन्त्री साउदले नेपाली नागरिकको सुरक्षा, शव फिर्ता ल्याउने र घाइतेको उचित उपचारको सम्बन्धमा राखेको चासोका विषयमा इजरायली विदेशमन्त्रीले आफ्नो सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका थिए । घटना भएको दिनदेखि नै काठमाडौंस्थित इजरायली राजदूत र इजरायलस्थित नेपाली राजदूतसँग निरन्तर सम्पर्क र समन्वय भइरहेको मन्त्रालयले जनाएको छ । परराष्ट्र मन्त्रालय र तेल अविवस्थित नेपाली राजदूतावासबाट इजरायल घटनाको पछिल्लो वस्तुस्थिति तथा नेपाली नागरिकको अवस्थाका सम्बन्धमा नियमित रूपमा प्रेस विज्ञप्ति मार्फत जानकारी दिने काम भइरहेको छ ।

'हामी निरन्तर रुपमा विद्यार्थी र उनीहरुका परिवारजनसँग सम्पर्क तथा संवादमा छौं' प्रवक्ता लम्सालले भनिन् । मन्त्रालयका अनुसार घटनापछि प्राथमिकताका साथ इजरायल-गाजाको सीमावर्ती क्षेत्रको कृषि फार्ममा रहेका सुदूरपश्चिम विश्वविद्यालयका ३२ र कृषि तथा वन विज्ञान विश्वविद्यालयका २३ गरी ५५ विद्यार्थीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको र उत्तरी सिमाना आसपासमा रहेका ७२ विद्यार्थीलाई पनि सुरक्षित स्थानमा सारिसकिएको छ ।

## अर्थतन्त्र सुधार्न...

व्यवसायमा सरकारले सहजीकरण गरिदिएन भने मुलुकको समग्र आर्थिक अवस्था सुधार हुन नसक्ने उनको दाबी थियो ।

नेपालको अर्थतन्त्रमा देखिएका समस्या कसरी समाधान गर्ने भनेर नेपाल आफैंले निर्णय लिने प्रतिबद्धता व्यक्त गरेका उनले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा राखिएका विषय कार्यान्वयनमा केही समस्या देखिएको भए पनि आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रममार्फत सरकारले मुलुकको अर्थतन्त्रको पुनर्संरचना गर्ने समेत बताए ।

**सरकारी ढिलासुस्तीका कारण नेपालमा लगानी आउन नसकेको आरोप लगाएका उनले चालु आर्थिक वर्षको बजेटमार्फत आर्थिक मन्दीको समस्या समाधान गर्ने गरी व्यवस्था ल्याइएको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको जिकिर गरे ।**

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले जबर्जस्ती अर्थतन्त्र खराब छ भन्ने भाष्य बनाएर नागरिकको मनोबल गिराउने काम भइरहेकाले यसलाई सुधार्नुपर्ने बताए । 'अहिले अर्थतन्त्र उभो लाग्न नसके पनि ओरालो लागेको छैन । मुलुक संकटग्रस्त भयो भन्ने भाष्य बनाउँदै जाने हो भने यसले थप समस्या हुन्छ' उद्योगमन्त्री रिजालको भनाइ थियो- 'हामी सबै मिलेर जाने हो । निजी क्षेत्रले हात उठाउने हो भने सरकार मात्रले केही गर्न सक्दैन ।'

यस्तै उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्र सुधारका लागि उक्त संरचना गठनको प्रस्ताव गरिएको भन्दै समस्या समाधानका लागि सबै पक्ष मिलेर अघि बढ्नुपर्नेमा जोड दिए । अर्थतन्त्र अहिले अवस्थामा पुग्नुमा सबैको गुण दोषको उपज भएकाले यसलाई सबै मिलेर समाधान गर्नुपर्ने बताए । 'प्रधानमन्त्रीले नेतृत्त्व गर्ने यस्तो आयोगमा अर्थमन्त्रालय, उद्योग मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंकलगायत नियामक निकाय र निजी क्षेत्रले अवैतनिक रूपमा काम गरौं' उनको भनाइ थियो । नयाँ चरणको आर्थिक सुधारको खाँचो औंल्याउँदै उनले सुधारको सो प्रक्रियामा निजी क्षेत्रलाई पनि समावेश गर्नुपर्नेमा जोड दिए ।

सरकारी ढिलासुस्तीका कारण नेपालमा लगानी आउन नसकेको आरोप लगाएका उनले चालु आर्थिक वर्षको बजेटमार्फत आर्थिक मन्दीको समस्या समाधान गर्ने गरी व्यवस्था ल्याइएको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको जिकिर गरे ।

कार्यक्रममा अर्थ मन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार पोषराज पाण्डेले अर्थतन्त्रमा अहिले एकै पटक समस्या देखिएको नभइ विगतकै समस्याको निरन्तरताका रुपमा जटिल परिस्थिति सिर्जना भएको बताए । उनले विगतदेखि नै समस्यामाथि समस्था थपिँदै जाँदा हाल ठूला समस्या देखिको टिप्पणी गरे । मुलुकको अर्थतन्त्रमा स्वार्थ समूह हाबी भएको आर्थिक सल्लाहकार पाण्डेले बताए ।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्ल, नेपाल उद्योग परिसंघ उपाध्यक्ष वीरेन्द्रराज पाण्डे, नेपाल उद्योग व्यापार महासंघका अध्यक्ष खिमलाल भण्डारी, नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष उमेशप्रसाद सिंह एवं नेपाल राष्ट्रिय उद्योग व्यवसाय महासंघका महासचिव भागिरथ सापकोटालगायतले आ-आफ्ना धारणा व्यक्त गरेका थिए ।

Why to choose us?
No Load Shading Problem
Sufficient Inverter System
24 Hrs. Internet Facilities
Well-equipped Computer Lab with Desktop PCs and Laptops
Daily 2 Hrs. Shifts for Morning, Day & Evening Time
Experienced Instructors
Computer Software Training
Computer Hardware/Maintenance Training
Mobile & Electronics Training
English Language & Tuition

Govt. Regd. No.: 34623/523
Multichannel Institute
Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021

# ... आमा– १८

साशा आँखा बन्द गरेर एकछिन चुप लागिन्, आमा उनको अझ नजीक सरिन्।

"सब भताभुङ पारिदिन सक्छन्...।"

उनीहरू तीनैजना झ्याल अगाडि उभिएका थिए, आमा निकोलाइ र साशाको पछाडि थिइन्। उनीहरूको छिटोछिटो कुरा गराइले उनको हृदयमा एक अस्पष्ट भावना पैदा गर्दै थियो।

"म पनि जान्छु।"- आमाले एक्कासि भनिन्।

"किन र ?"- साशाले सोधिन्।

"नजानोस्, आमा। भेट्टाउन सक्छन्, नजानै बेस हुन्छ।"- निकोलाइले सल्लासह दियो।

आमाले उसतिर हेरिन् र बिस्तारै तर दृढ स्वरमा दोहऱ्याइन् -

"होइन, म जान्छु...।"

उनीहरूले झट्ट एक अर्काको मुख हेरे।

"म तपाईंको चिन्ता बुझ्छु...।"- साशाले कुम हल्लाउँदै भनिन् र आमा नजीक गएर उनको हात आफ्नो हातमा लिइन्।

"तर म तपाईंलाई भन्छु, तपाईं व्यर्थै आशा गर्दै हुनुहुन्छ...।"

उनले कति साधारण र मायालु तरीकाले भनिन् भने आमाको हृदय नै पग्ल्यो।

"छोरी।"- उनले काँपेका हातले साशालाई आफ्नो छातीतिर तान्दै भनिन् - "मलाई पनि सँगै लैजानोस्, म बाधा दिन्न, मैले नगै हुन्न। जेलबाट भाग्न सकिन्छ भन्ने कुरामा मलाई विश्वास लाग्दैन।"

"उहाँ पनि जानुहुन्छ।"- केटीले निकोलाइलाई भनिन्।

"तपाईंहरू नै जानोस्।" उसले टाउको झुकाउँदै जवाफ दियो।

"तर हामी सँगसँगै जानु हुँदैन। तपाईं खेततिर, बगैंचातिर जानोस्। त्यहाँबाट जेलको पर्खाल देखिन्छ। तर कसैले देखिहाल्यो र यहाँ के गर्दै छेस् भनेर सोध्यो भने के भन्नुहुन्छ नि ?"

आमाले दङ पर्दै जवाफ दिइन् -

"एकथोक लाइदिन सकिहाल्छु नि।"

"नबिर्सनुहोला नि जेलका पहरेदारहरूले तपाईंलाई चिनेका छन्।"- साशाले भनिन् - "यदि तपाईंलाई त्यहाँ देखे भने...।"

"देख्दैनन्।"- आमाले जवाफ दिइन्।

आमाको छातीभित्र केही समयदेखि बिस्तारै सल्कन थालेको आशारूपी झिल्को एक्कासि दन्कन थाल्यो र उनी फेरि फुर्तिली देखिइन्।

'हुन सक्छ ऊ पनि...।'- हतारो हतारो लुगा लाउँदै उनले सोचिन्।

एक घन्टापछि आमा जेलपछाडिको खेतमा उभिरहेकी थिइन्। जोडले बतास चलिरहेको थियो। हावाको झोक्काले आमाको जीउको लुगा उडाउन खोज्दै थियो। हावा ठण्डीले कक्रिएको जमिनमा हिर्काउँदै थियो, त्यो जीर्ण बार हल्लाउँदै थियो, जसको छेउबाट कैदीहरूको क्रन्दन सोहरेर आफूसँग उडाउँदै आकाशतिर लैजान्थ्यो। आकाशमा बादलका डल्लाहरू पनि बडो वेगले दौडदै थिए र उनीहरू दौडदै नीलो आकाशमा सानासाना झ्यालहरू खोल्दै जान्थे।

आमाको पछाडि बगैंचा थियो, अघिल्तिर चिहान थियो, दाहिनेपट्टि करीब पचास हात पर जेल थियो। चिहान नजीकै एउटा सिपाही घोडा अभ्यास गर्दै थियो, अर्को सिपाहीचाहिं उसैको नजीक उभिएर जोडले खुट्टा बजार्दै चिच्च्याइरहेको थियो, ऊ बीचबीचमा कहिले सिटी बजाउँथ्यो त कहिले हाँस्थ्यो। जेलको आसपासमा अरू कोही थिएन।

आमा बिस्तारै उनीहरूको छेउबाट जाँदै चिहानको बार नजीकै पुगिन्। उनी आँखा बचाएर आफ्नो वरिपरि हेर्दै थिइन्। अकस्मात् उनलाई लाग्यो उनका खुट्टा जमिनमा गाडिएजस्ता गऱ्हुँगा हुँदै छन् र काँप्दै छन्। जेल नजीकैको एउटा मोडबाट बत्ती मरमत गर्ने एकजना मान्छे हत्तारिंदै निस्क्यो। त्यो मान्छे कुप्रो परेर हिंड्दै थियो र उसको काँधमा भऱ्याङ बोकेको थियो। डरले आँखा झिम्क्याउँदै आमाले झट्ट सिपाहीहरूतिर हेरिन्। उनीहरू त्यहीं उभिएका थिए र घोडा उनीहरूको वरिपरि चक्कर लागाइरहेको थियो। उनले भऱ्याङ बोकेर आउने मानिसतिर हेरिन्, ऊ भित्तामा भऱ्याङ उठाएर नहडबडाइकन माथि उक्लँदै थियो। माथि पुगेर उसले जेलको चोकतिर हेर्दै हात हल्लायो अनि झटपट ओर्लेर त्यहीं मोडमा बेपत्ता भयो। आमाको ढुकढुकाइ बढ्दै थियो, प्रत्येक क्षण वर्षभैंं बितिरहेका थिए। जेलको पर्खाल फोहोर दागहरूले भरिएको थियो र ठाउँ ठाउँमा प्लाष्टर उप्किएकोले भित्रका ईंटहरू देखिन्थे। त्यो कालो पर्खालको पृष्ठभूमिमा अडाइएको भऱ्याङ छुट्याउन मुश्किलै पर्थ्यो। एक्कासि पर्खालमाथि एउटा कालो टाउको देखा पऱ्यो। बिस्तारै उसको पूरा शरीर नै देखा पऱ्यो। त्यो मान्छेले पर्खाल नाघ्यो र भित्तामा घिस्रिंदै अर्कोपट्टि ओर्ल्यो। भुवादार टोपी लगाएको अर्को टाउको देखा पऱ्यो र एउटा कालो डल्लो जमिनमा गुड्दै मोडमा गएर बेपत्ता भयो। मिखाइल सोझिएर उभियो, उसले चारैतिर आँखा घुमायो र टाउको झट्कायो।

"भाग, भाग।"- आमाले खुट्टा बजार्दै सानो आवाजमा भनिन्।

आमाको कान गुन्जिन थाल्यो। मान्छेहरू चिच्च्याएको आवाज सुनियो। पर्खाल माथि तेस्रो टाउको देखा पऱ्यो। आमाले छातीमा हात राखेर एकटकले हेरिरहिन्। सुनौला कपाल भएको, सफाचट्ट पारेर दाढी खौरिएको एउटा टाउको यसरी पर्खाल माथि देखा पर्दै थियो, मानौं ऊ कसैको पञ्जाबाट आफूलाई छुटाउन चाहन्छ र फेरि अचानक त्यो टाउको पर्खाल पछाडि गायब भयो। मान्छेहरू अझ जोड जोडले चिच्च्याउँदै थिए, सिटीको कर्कश आवाज हावाको प्रवाहले उडाउँदै ल्याइरहेको थियो। मिखाइल पर्खालमा टाँसिएर भाग्दै थियो, ऊ आमाको नजीकैबाट पार भयो, अब ऊ जेल र शहरका घरहरू बीचको खुला मैदानमा पुगिसकेको थियो, आमालाई लाग्यो ऊ असाध्यै ढिलो हिंड्दै छ र बेकारमा त्यतिमाथि टाउको उठाउँदै छ, उसको अनुहारमा एकपल्ट मात्रै पनि कसैले हेऱ्यो भने पनि सधैंको लागि उसको अनुहार सम्झनेछ।

"हतारो गर... हतारो गर..।"

जेलको पर्खाल भित्रबाट आवाज आयो, त्यसपछि ऐना फुटेको आवाज सुनियो। सिपाहीले बेस्सरी जमिनमा टेक्दै घोडालाई आफूतिर तान्न थाल्यो। अर्कोले मुखमा हात राखेर जेलतिर हेर्दै केही चिच्च्यायो र जेलपट्टि कान थाप्दै सुन्न थाल्यो।

आमा सतर्कतासाथ उभिएर आफ्नो गर्धन चारैतिर घुमाउँदै थिइन्। सबै कुरा आफ्नै आँखाले देखेता पनि उनलाई कुनै कुरामा विश्वास लागिरहेको थिएन। उनले जुन कुरा अत्यन्त कठिन र भयंकर ठानेकी थिइन्, त्यो काम असाध्यै सजिलोसँग र छिटोछिटो भैरहेको थियो। यो शिघ्रता देखेर उनी जिल्ल परिन् र किंकर्तव्यविमूढ भएर उभिइरहिन्। रीबिन गायव भैसकेको थियो, ओभरकोट लगाएको एउटा अग्लो मान्छे बाटोमा जाँदै थियो, एउटी केटी दगुर्दै थिइन्। जेलको कुनाबाट तीनजना पहरेदारहरू दौडँदै आइरहेका थिए। उनीहरू एक दोस्रोसँग टाँसिंदै दौडिरहेका थिए र सबैले आफ्नो दाहिने हात अघिल्तिर बढाएका थिए। एउटा सिपाही उनीहरूतिर दौडियो। अर्कोचाहिं घोडाको वरिपरि घुम्दै चढ्ने कोशिश गरिरहेको थियो। घोडा नमानेर उफ्रिरहेको थियो, यस्तो भान हुन्थ्यो मानौं घोडा सँगसँगै वरिपरिका वस्तुहरू पनि उफ्रिरहेका छन्। बारम्बार हडबडाएर सिटी बजाइरहेको आवाज आइरहेको थियो। सिटीको यो कर्कश ध्वनि आमालाई कुनै आपत्तिको संकेत जस्तो लागिरहेको थियो। आमा काँप्दै चिहानको छेउछेउ हुँदै पहरेदारहरूबाट आँखा नहटाई हिंड्न थालिन्। तर ती पहरेदारहरू र सिपाहीहरू जेलको अर्को कुनामा पुगेर बिलाए। उनीहरूको पछिपछि त्यही परिचित सहायक जेलर दौडँदै गयो, उसले आफ्नो वर्दीको टाँकसम्म पनि लगाउन भ्याएको थिएन। कताबाट हो पुलिसहरू देखापर्न थाले, भीड जम्मा हुन थाल्यो।

बतास यसरी नाँच्दै र घुम्दै थियो, मानौं कुनै कुराको खुशीयाली मनाउँदै छ। हावाको झोक्का सँगसँगै आमाको कानमा लडबडिएको चिच्च्याहट र सिटीको आवाज पुगिरहेको थियो। यो कोलाहल सुन्दा आमालाई रमाइलो लागिरहेको थियो, आमा छिटोछिटो हिंड्दै सोचिरहेकी थिइन् :

'त्यसो भए ऊ पनि यसैगरी भाग्न सक्थ्यो।'

एक्कासि सडकको अर्को कुनाबाट दुईजना पुलिसहरू देखापरे।

"पर्ख।"- एकजना पुलिस स्वाँ-स्वाँ गर्दै चिच्च्यायो - "दाढी पालेको मान्छेलाई देखिनस् ?"

आमाले हातको इशाराले बगैंचातिर देखाउँदै भनिन् - "ऊ त्यता लाग्यो, के भएछ हँ ?"

"एगोरभ। बजा सिटी।"

आमा घरतिर लागिन्। उनलाई केही कुराको दुःख लाग्दै थियो, मुटुमा कटुता र खेदको भावना थियो। उनी खुला मैदान पार गरेर सडकमा निस्किन्। एउटा एक्का नजीकैबाट बाटो काटेर गयो। आमाले टाउको उठाएर हेरिन्, एक्कामा एक जवान केटो बसेको थियो। युवकको जुँगा सुनौलो थियो, उसको अनुहार पहेंलो र थकित देखिन्थ्यो। उसले पनि आमालाई हेऱ्यो। ऊ टेढो परेर बसेको थियो, त्यसले उसको दायाँ बायाँ काँध भन्दा अग्लो देखिन्थ्यो।

निकोलाइले खुशी हुँदै आमाको स्वागत गऱ्यो।

"भन्नोस् त, कस्तो भयो ?"

"सब ठीक भए जस्तो छ...।"

आमाले एकएक कुरा सम्झने कोशिश गर्दै निकोलाइलाई सब वृत्तान्त सुनाइन्। उनी यसरी सब कुरा बताउँदै थिइन्, मानौं उनी कथा हाल्दै छिन् र आफ्नो कथामा उनी आफैंलाई विश्वास छैन।

"भाग्यले साथ दिएछ।"- निकोलाइले हात मल्दै भन्यो - "साँच्ची तपाईंबारे मलाई असाध्यै पीर परेको थियो। नीलोभ्ना, एक साथीको हैसियतले मेरो सल्लाह मान्नोस्- मुद्दाबारे केही धन्दा नमान्नोस्। जति चाँडो मुद्दा फैसला हुन्छ, त्यति चाँडै पाभेलले भाग्ने मौका पाउँछ विश्वास गर्नोस्। हुन सक्छ निर्वासनमा जाने बाटैमा ऊ फुत्कन सक्ला... जहाँसम्म मुद्दाको कुरा छ के हुन्छ म तपाईंलाई अगावै सब कुरा बताउन सक्छु...।"

उसले आमालाई अदालतमा कसरी मुद्दा सुनुवाइ हुन्छ भन्ने कुरा बताउन थाल्यो। उनी ध्यानपूर्वक निकोलाइको कुरा सुन्दै थिइन्। उनी बुझ्दै थिइन्, हुन त निकोलाइ उनलाई ढाडस दिन चाहन्छ तर ऊ, आफैं केही कुरादेखि डराइरहेको छ।

"हुन सक्छ तपाईंलाई यो डर त छैन, म अदालतमा न्यायाधीशहरूलाई केही कडा शब्द भनिदिन सक्छु ?"

ऊ जुरुक्क जुरुक्क उभ्यो, अनि झर्किंदै हात हल्लायो र भन्यो -

"के कुरा गर्नुभएको तपाईंले ?"

"हो, मलाई डर लाग्दै छ। थाहा छैन, किन हो मलाई डर लाग्दै छ..।"- उनी एकछिन चुप लागिन् र कोठामा यताउता हेर्दै फेरि भन्न थालिन् -

"कहिले मलाई यस्तो लागेर आउँछ उनीहरू पाभेललाई जिस्क्याउन थाल्नेछन्, उसको हाँसो उडाउन थाल्नेछन्। 'ए तँ देहाती, किसानको बच्चो। किन यस्तो गडबडी गरेर हिंड्छस्।' त भन्ने होइनन्। पाभेल बडो स्वाभिमानी केटो छ। उसले न्यायाधीशहरूलाई जवाफ दिन थाल्नेछ। हुन सक्छ आन्द्रेइले नै उनीहरूको हाँसो उडाउने विचार गर्ला। केटाहरू छिटो तातिन्छन्। सोच्न थाल्छु केही भएर केटाहरूले सहन सकेनन् भने... यस्तो सजाय दिनेछन्, जसले गर्दा जिन्दगीभर मुख हेर्न पाइन्न।"

निकोलाइ चुपचाप उनको कुरा सुन्दै थियो, खालि आफ्नो दाढी मात्र सुमसुम्याइ रहेको थियो।

"के गर्ने यदि दिमागमा यस्ता विचारहरू आउँछन् भने।"- आमाले बिस्तारै भनिन् - "त्यसैले मलाई यो मुद्दा देखेर अति डरलाग्छ। यदि उनीहरूले एकएक कुरा खोतलेर केलाउन थाले भने के गर्ने ? मलाई त असाध्यै डर लाग्छ। मलाई सजायको त्यति डर लाग्दैन जति अदालतको। खोइ, कसरी बताउने हो तपाईंलाई मेरो मनको पीर, जान्दिन...।"

आमा अनुभव गर्दै थिइन्, निकोलाइ उनको कुरा बुझ्न असमर्थ छ त्यसैले आफ्नो यो मानसिक उथलपुथल शब्दहरूमा व्यक्त गर्न उनलाई झन मुश्किल पर्दै थियो।

आमाको यो डर गलफुलोको रोगझैं उनको हृदयमा बढ्दै गइरहेको थियो। मुद्दा फैसला हुने दिन यही गऱ्हौं बोझ हृदयमा बोकेर, जसले उनलाई शिर ठाडो पार्न र कम्मर सोझो गर्न समेत मुश्किल पार्दै थियो, अदालतमा गइन्।

बाटोमा मजदूर बस्तीका चिनेजानेका मानिसहरूसँग भेट भयो, उनीहरूले एक दोस्रोका हालखबर सोधे। त्यस उदास भीडलाई चिर्दै उनी चुपचाप अगाडि बढिरहेकी थिइन्। अदालतका बरन्डाहरूमा र हलमा अभियुक्तहरूका नातेदारहरूले पर्खिरहेका थिए। उनीहरू पनि स्वर सानो पारेर कुरा गर्दै थिए। आमालाई लागिरहेको थियो, अहिले कुनै पनि शब्द निरर्थक छ उनी केही पनि बुझिरहेकी थिइनन्। सब उपस्थित मानिसहरूलाई एउटै शोकको भावनाले छोपेको थियो। आमाले यो कुरा बुझिन् र उनको वेदना अझ बढेर आयो।

"आऊ, बस।"- सिजोभले बेन्चमा एकातर्फ सर्दै भन्यो। आमा चुपचाप बसिन् र लुगा मिलाउँदै चारैतिर आँखा घुमाइन्। उनका आँखा अगाडि हरिया र राता धर्साहरू, अनेक थोप्लाहरू र मसिना पहेंला धागाहरू नाच्दै थिए।

"तिम्रो छोराले गर्दा मेरो ग्रीगोरीको पनि यो गति भयो।"- आमा नजीकै बसेकी आइमाईले बिस्तारै भनिन्।

"चूप लाग नतालिया" सिजोभले गम्भीर अनुहार बनाउँदै भन्यो। आमाले आइमाईलाई हेरिन्। उनी सामोइलोभा थिइन्। छेउमा नै उनको लोग्ने बसेको थियो। ऊ तालु खुइलिएको राम्रो कदको मान्छे थियो। उसको अनुहार पातलो, दाढी लामो र कालो थियो। ऊ आँखा खुम्च्याउँदै अघिल्तिर हेरिरहेको थियो। मानसिक तनावले गर्दा उसको दाढी हल्लिरहेको थियो।

अग्ला झ्यालहरूबाट छिर्दै आएको किरणले हलमा धमिलो प्रकाश फैलाएको थियो। बाहिर झ्यालका ऐनाहरूमा हिउँ चिप्लिरहेको थियो। दुई झ्यालहरूबीचको भित्तामा मोटो चम्किलो सुनौला फ्रेममा जारको तस्वीर झुन्डिएको थियो। झ्यालमा झुन्डिएका कलेजी रङका भारी पर्दाहरूले दुवै तर्फबाट तस्वीरको केही भाग ढाकेका थिए। तस्वीर सामुन्ने झन्डै सिडै हलको चौडाइभरको हरियो कपडाले ढाकिएको टेबुल थियो। दायाँ भित्तानेरको बार पछाडि दुईवटा काठका बेन्चहरू राखिएका थिए। बायाँ भित्तामा कलेजी रङको गद्दावाल मेचका दुई पंक्ति थिए। हरियो कठालो र छातीमा सुनौला टाँक भएको वर्दी लगाएका पालेहरू हलमा चुपचाप यता र उता दौडिरहेका थिए। हलको त्यो गुम्सिएको वातावरणमा खस्याकखुसुक गरेको आवाज र औषधिको गन्ध रुमल्लिइरहेको थियो। यी सब कुराहरूले ती रङ, चमक, आवाज र गन्धले आमाका आँखा बिझाइरहेका थिए र साससँगै छातीभित्र पसेर खोक्रिएको हृदयमा पीडाजनक त्रासको छिरबिरे धुँवा भर्दै थिए।

एक्कासि कसैको चर्को स्वर सुनियो। आमा झस्किन्। सबै उठे, उनी पनि सिजोभको हात समात्दै उठिन्।

हलको बायाँ कुनामा भएको ठूलो ढोका उघ्रियो र चश्मा लगाएको बूढो मान्छे झुल्दै हलभित्र पस्यो। उसको खैरो अनुहारमा पातलो सेतो दाढी हल्लँदै थियो। उसले जुँगा खौरेको थियो र दाँत नहुनाले माथिल्लो ओठ भित्र पसेको थियो। उसको चुस्स परेको बङारोको तल्लो भाग र चिउँडो वर्दीको अग्लो कठालोमा यसरी अडिएका थिए जसले गर्दा उसको गर्धन नै छैन जस्तो भान हुन्थ्यो। एउटा अग्लो चिनियाँ माटाको भाँडोमा लाली थपेजस्तो बाटुलो अनुहार परेको मानिसले बूढोलाई पछाडिबाट हात समातेर सहारा दिंदै थियो। उनीहरूको पछिपछि सुनौला जरी हालेको वर्दी लगाएका तीन जना मानिसहरू र साधारण लुगा लगाएका अरू तीन जना मानिसहरू आउँदै थिए।

उनीहरू निकैबेर लगाएर त्यही लामो टेबुल पछाडि राखिएका मेचहरूमा बसे। सबै बसिसकेपछि उनीहरूमध्येकै एक जनाले बूढा न्यायाधीशलाई साउती गरे जस्तो केही भन्न थाल्यो। ऊ बडो मुश्किलले आफ्ना बँक्ला ओठ चलाउँदै थियो। उसले आफ्नो वर्दीको टाँक लगाएको थिएन। उसले सफा चट्ट पारेर दाढी खौरेको थियो र उसको अनुहारमा विरक्तिको भावना थियो। बूढो न्यायाधीश अचम्म लाग्दो तरीकाले ठाडो पारेर नचलमलाइकन उसको कुरा सुनिरहेको थियो। उसको चश्माका ऐनाभित्र आमा दुईटा बेरङी थोप्लाहरू देख्दै थिइन्।

टेबुलको एक छेउमा रहेको लेखपढ गर्ने डेस्क पछाडि उभिएको तालु खुइलिएको मानिस खोक्दै पन्ना पल्टाइरहेको थियो।

बूढो न्यायाधीशले आफ्नो जीउ अघिल्तिर झुकाउँदै बोल्न सुरु गऱ्यो। प्रत्येक वाक्यको पहिलो शब्द त ऊ प्रष्ट उच्चारण गर्थ्यो तर बाँकी शब्दहरू भने कसरी गुटमुटिएर निस्कन्थे भने बुझ्नै गाऱ्हो पर्थ्यो।

"मुद्दा सुरु हुँदै छ... । अभियुक्तहरूलाई भित्र ल्याऊ...।"

"हेर।"- सिजोभले आमालाई बिस्तारै धकेल्दै कानमा भन्यो र उभियो।

दायाँ भित्तानेरको बार पछाडिको ढोका खुल्यो र काँधमा नाङ्गो तरवार बोकेको एउटा सिपाही भित्र पस्यो। उसको पछिपछि पाभेल, आन्द्रेइ, फ्योदोर माजिन, दुवै गूसेभ बन्धुहरू, सामोइलोभ, बूकिन, सोमोभ र आमाले नचिनेकी अरू पाँच जना युवकहरू भित्र पसे। पाभेल मुस्कुरायो, आन्द्रेइ पनि दाँत देखाउँदै हाँस्यो र टाउको हल्लायो–। उनीहरूको मुस्कुराहट, सजीवन अनुहार र हाउभाउले हलमा प्रकाश थपिए जस्तो लाग्थ्यो। त्यहाँको अस्वाभाविक तनावको वातावरण अलि खुकुलो भएजस्तो देखिन्थ्यो। न्यायाधीशहरूको वर्दीको सुनौला जरीको चमक धमिलियो। कैदीहरूले आफ्नो साथमा जुन आत्मविश्वास र उत्साहको भावना लिएर आएका थिए, त्यसले गर्दा आमाको हृदयमा फेरि साहसको सञ्चार भयो। उनको पछाडिका बेन्चहरूमा अझसम्म निराश भावले पर्खिरहेका मानिसहरूबीच हल्लाको आवाज सुनियो।

"पटक्कै डराएका छैनन्।"- सिजोभले कानेखुसी गर्दै आइमाई भन्यो। त्यसै बखत दायाँपटि बसेकी सामोइलोभकी आमाले नाके स्वरमा केही बरबराइन्।

"चुप लाग।"- कसैले कडा स्वरमा हपाऱ्यो।

"म चेतावनी दिन्छु...।"- बूढो न्यायाधीशले भन्यो।

पाभेल र आन्द्रेइ सँगै बसेका थिए। उनीहरूसँगै बेन्चको पहिलो हारमा माजिन, सामोइलोभ र गूसेभ बन्धुहरू बसेका थिए। आन्द्रेइले आफ्नो दाढी खौरेको थियो, तर जुँगा भने बढेर तलतिर फर्केका थिए। यसले गर्दा उसको बाटुलो टाउको बिरालोको टाउको जस्तै देखिन्थ्यो। उसको अनुहारमा कुनै नयाँ भावना देखियो- मुखमा कटुता र व्यङ्ग्य थियो, आँखामा तिरस्कार। माजिनको माथिल्लो ओठमा काला दुई धर्सा देखिन थालेका थिए, अनुहार अझ बाटुलो देखिन्थ्यो। सामोइलोभको कपाल पहिलेकै जस्तो मुन्द्रामा परेको थियो र इभान गूसेभ सधैंजस्तो दाँत देखाएर मुस्कुराइरहेको थियो। **...क्रमशः**

## अमूल्य जीवनलाई लागू पदार्थको नसामा नष्ट नगरौं ।

## लागू पदार्थको दुर्व्यसनबाट आफू बचौं, आफन्तलाई बचाऔं र समाजलाई जोगाऔं ।

**विजयादशमी, शुभदीपावली तथा छठपर्व- २०८० को** उपलक्ष्यमा पालिकावासीसहित सम्पूर्ण देशवासीमा **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौं ।

**अनुचित लेनदेन (मिटरब्याज) दण्डनीय अपराध हो । यस्तो कारोबार नगरौं, नगराऔं ।**

**महेश प्रसाद चौधरी**
नगर प्रमुख

**राजु प्रसाद साह**
प्रमुख प्रशासकीय अधिकृत

## लहान नगरपालिका परिवार

सिरहा, मधेश प्रदेश, नेपाल

---

## अमूल्य जीवनलाई लागू पदार्थको नसामा नष्ट नगरौं ।

## लागू पदार्थको दुर्व्यसनबाट आफू बचौं, आफन्तलाई बचाऔं र समाजलाई जोगाऔं ।

**विजयादशमी, शुभदीपावली तथा छठपर्व- २०८० को** उपलक्ष्यमा पालिकावासीसहित सम्पूर्ण देशवासीमा **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौं ।

**अनुचित लेनदेन (मिटरब्याज) दण्डनीय अपराध हो । यस्तो कारोबार नगरौं, नगराऔं ।**

**विनयकुमार यादव**
नगर प्रमुख

**राम गुलाम लाल कर्ण**
प्रमुख प्रशासकीय अधिकृत

## नगराईन नगरपालिका परिवार

धनुषा, मधेश प्रदेश, नेपाल

---

### डेंगीबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टंयाकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

**विजयादशमी, शुभदीपावली तथा छठपर्व- २०८० को** उपलक्ष्यमा पालिकावासीसहित सम्पूर्ण देशवासीमा **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौं ।

**जनकपुरधामलाई सफा-सुग्घर राख्न डस्टबिनमा फोहर राख्ने बानी बसालौं । पशु-चौपाया सडकमा नछाडौं ।**

**मनोजकुमार साह**
उपमहानगर प्रमुख

**सुमनकुमार कार्की**
प्रमुख प्रशासकीय अधिकृत

## जनकपुरधाम उपमहानगरपालिका परिवार

मधेश प्रदेश, नेपाल

---

### आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं ।**

**लक्षणहरु**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



**रोकथामका उपायहरु**

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**

धनौजी गाउँपालिका
धनौजी, धनुषा, मधेश प्रदेश, नेपाल

**विजयादशमी, शुभदीपावली तथा छठपर्व- २०८० को** उपलक्ष्यमा पालिकावासीसहित सम्पूर्ण देशवासीमा **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौं ।

**अनुचित लेनदेन (मिटरब्याज) दण्डनीय अपराध हो । यस्तो कारोबार नगरौं, नगराऔं ।**

**राजकुमार साह**
अध्यक्ष

**संतोषकुमार शर्मा**
प्रमुख प्रशासकीय अधिकृत

## धनौजी गाउँपालिका परिवार

धनुषा, मधेश प्रदेश, नेपाल

# विजयादशमी, शुभदीपावली तथा छठपर्व- २०८० को उपलक्ष्यमा समस्त देशवासी बा–आमा, दाजु–भाइ तथा दिदी–बहिनीहरूमा

## हार्दिक मङ्गलमय शुभकामना

व्यक्त गर्दछौं ।

**डा. कुलदीप पण्डित**
वरिष्ठ फिजिसियन

**डा. रामनरेश पण्डित**
वरिष्ठ स्त्री तथा प्रसूती रोग विशेषज्ञ

## जनकपुर सिटी हस्पिटल प्रा.लि.

जनकपुर, मधेश प्रदेश, नेपाल






**विजयादशमी, शुभदीपावली तथा छठपर्व- २०८० को** उपलक्ष्यमा पालिकावासीसहित सम्पूर्ण देशवासीमा **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौं ।

जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्ध–विच्छेदजस्ता घटना घटेको ३५ दिनभित्र नजिकको वडा कार्यालयमा निःशुल्क दर्ता गरौं; दर्ता गर्न लगाऔं ।

**अनुचित लेनदेन (मिटरब्याज) दण्डनीय अपराध हो । यस्तो कारोबार नगरौं, नगराऔं ।**

**उमाशंकर प्रसाद साह**
अध्यक्ष

**सविर कुमार महतो**
प्रमुख प्रशासकीय अधिकृत

## औरही गाउँपालिका परिवार

औरही, धनुषा, मधेश प्रदेश, नेपाल



**चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।**
**चाडपर्वमा फजुल खर्च नगरौं ।**

**हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।**
**मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।**

नेपाल सरकार
## विज्ञापन बोर्ड






**विजयादशमी, शुभदीपावली तथा छठपर्व- २०८० को** उपलक्ष्यमा पालिकावासीसहित सम्पूर्ण देशवासीमा **हार्दिक मङ्गलमय शुभकामना** व्यक्त गर्दछौं ।

**अनुचित लेनदेन (मिटरब्याज) दण्डनीय अपराध हो । यस्तो कारोबार नगरौं, नगराऔं ।**

**भोगेन्द्र मिश्र**
अध्यक्ष

**नागेन्द्र यादव**
प्रमुख प्रशासकीय अधिकृत

## लक्ष्मीनियाँ गाउँपालिका परिवार

लक्ष्मीनियाँ बजार, धनुषा, मधेश प्रदेश, नेपाल


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं